# विषय सूची

परिच्छेद-१ ........ १
प्रारम्भिकः ........ १
परिच्छेद-२ ........ ३
उत्पादित फोहोरमैला, संकलन, न्यूनिकरण तथा निष्कासन सम्बन्धी व्यवस्थाः ........ ३
परिच्छेद-३ ........ ६
फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्थाः ........ ६
परिच्छेद-४ ........ ७
फोहोरमैला व्यवस्थापनमा सार्वजनिक नीजि साझेदारी/ खुल्ला प्रतिस्पर्धा सम्बन्धी व्यवस्थाः ........ ७
परिच्छेद-५ ........ ९
जनशक्तिको व्यवस्थापन/परिचालन ........ ९
परिच्छेद-६ ........ १०
फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्थाः ........ १०
परिच्छेद-७ ........ १२
प्रदुशण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धि व्यवस्थाः ........ १२
परिच्छेद-८ ........ १४
दण्ड/जरिवाना ........ १४
परिच्छेद-९ ........ १६
अन्य ........ १६
अनुसूची- १ ........ १७
दरभाउपत्रको नमुना ........ १७
अनुसूची- २ ........ १८
दरभाउपत्रको नमुना ........ १८
अनुसुची — ३ ........ २०
सरसफाई शुल्क अभिलेख कार्डको नमुना ........ २०

# चैनपुर नगरपालिका वातावरण सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८१

प्रस्तावनाः

फोहोर गर्नेले नै सफा गर्नु पर्छ, त्यसको मुल्य तिर्न पर्छ भन्ने मान्यतामा आधारित भई नगरपालिकाको शून्य खर्चमा फोहोरमैला व्यवस्थापन हुने सिद्दान्तलाई अंगिकार गर्दै फोहोरमैलालाई स्रोतमा न्युनिकरण, पुनः प्रयोग, प्रशोधन तथा विसर्जन गरि नगरपालिकाको क्षेत्रभित्र फोहोरमैलाको उचित र प्रभावकारी व्यवस्थापन गर्न तथा जनस्वास्थ्य एवं वातावरणमा पर्न सक्ने प्रतिकुल प्रभावलाई कम गरी स्वच्छ, स्वास्थ्य र मनोरम वातावरण कायम गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चान ऐन, २०७४ को दफा १०२ वमोजिम नगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिकः

**१. संक्षिप्त नाम/प्रारम्भः**

क)यस कार्यविधिको नाम "**वातावरण सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८१**" रहेको छ ।

ख)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क)" कार्यालय" भन्नाले चैनपुर नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

ख)" नगर कार्यपालिका" भन्नाले चैनपुर नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ ।

ग) "समिति" भन्नाले फोहोरमैला व्यवस्थापन समिति सम्झनु पर्छ ।

घ) "औद्योगिक फोहोरमैला" भन्नाले औद्योगिक प्रतिष्ठानबाट निष्काशन हुने हानिकारक तथा प्रदूषित फोहोरमैला सम्झनु पर्छ ।

ङ) "संकलन केन्द्र" भन्नाले घर-घरवाट निस्किने फोहोरमैला संकलन गरी निर्धारित समयसम्म राख्न वा थुपार्न नगरपलिकाले तोकेको स्थान सम्झनु पर्छ र घरघरमा संकलन गर्न आउने नगरपालिकाले तोकेको फोहोरमैला संकलक वा फोहोरमैला संकलन गर्ने साधनलाई समेत जनाउँछ ।

च) "निष्कासन" भन्नाले फोहोरमैला उत्पादन स्थलवाट नगरपालिकाले तोकेको स्थानमा थुपार्ने वा निकाल्ने कार्य सम्झनु पर्छ ।

छ) "फोहोरमैला" भन्नाले घरेलु फोहोरमैला, औद्योगिक फोहोरमैला, रासायनिक फोहोरमैला, स्वास्थ्य संस्थावाट निस्कने फोहोरमैला वा हानिकारक फोहोरमैला सम्झनु पर्छ र यस शव्दले प्रयोगमा नआउने तथा फालिएका वस्तु, सडे गलेका वस्तु र वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएकावस्तुहरु लगायत अनधिकृत सार्वजनिक स्थलमा टासिएका पोष्टर, पम्प्लेट र नगरपालिकाले राजपत्रमा सूचना टाँस गरी फोहोरमैला भनि तोकिदिएको अन्य वस्तु समेतलाई जनाउँछ ।

ज) "प्रशोधन" भन्नाले फोहोरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने, मल, ग्यास, उर्जा वा अन्य कुनै वस्तु उत्पादन गरी फोहोरमैला व्यवस्थापन गर्ने प्रकृया सम्झनु पर्छ ।

झ) "फोहोरमैला व्यवस्थापन स्थल" भन्नाले फोहोरमैला विसर्जन वा प्रशोधन गर्नका लागि नगरपालिकाले तोकेको स्थल सम्झनु पर्छ ।

ञ) "विसर्जन" भन्नाले फोहोरमैलाको अन्तिम निष्कासन तथा व्यवस्थापन सम्झनु पर्छ ।

ट) "सार्वजनिक नीजि क्षेत्र साझेदारी" भन्नाले लाभ, लागत र जोखिमको साझेदारीलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## उत्पादित फोहोरमैला, संकलन, न्यूनिकरण तथा निष्कासन सम्बन्धी व्यवस्थाः

**३. फोहोरमैला व्यवस्थापनमा नगरपालिकाको मुख्य जिम्मेवारी रहनेः**

क) फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन स्थल, प्लान्ट, कम्पोष्ट प्लान्ट, वायोग्यास प्लान्ट लगायत फोहोरमैला संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने मुख्य जिम्मेवारी नगरपालिकाको हुनेछ ।

ख) फोहोरमैला संकलन केन्द्र वा कुनै स्थानमा फालिएको वा राखिएको फोहोरमैला वा सरसफाईको सिलसिलामा जम्मा भएको फोहोरमैलाको आवश्यक प्रवन्ध गर्ने वा कुनै किसिमवाट प्रयोग गर्ने जिम्मेवारी अधिकार नगरपालिकाको हुनेछ ।

ग) हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा औद्योगिक फोहोरमैलाको प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधिनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

घ) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औधोगिक फोहोरमैला प्रशोधन गरी वाँकि रहेका फोहोरमैला तथा अन्य फोहोरमैला व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहोरमैला स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे वमोजिमको सेवा शुल्क लगाएर फोहोरमैला व्यवस्थापन गरिदिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

**४. फोहोरमैलाई न्यूनिकरण गर्नेः**

क) कुनै व्यक्ति, संस्था वा निकायले कुनै काम कारोवार गर्दा उत्पादन हुने फोहोरमैला सकभर कम गर्नु पर्दछ।

ख)आफ्नो क्षेत्रभित्र विसर्जन हुन सक्ने फोहोरमैलाको विसर्जन वा पुनः प्रयोगको व्यवस्था मिलाई बाँकी फोहोरमैला मात्र निश्कासन गरी फोहोरमैलाको परिमाणलाई घटाउनु प्रत्येक व्यक्ति, संस्था वा निकायको कर्तव्य हुनेछ ।

**५. फोहोरमैला पृथकीकरणः**

क)नगरपालिकाले फोहोरमैलालाई जैविक, अजैविक र अन्य प्रकारमा विभाजन गरी स्रोत छुट्याउने गरी तोकनु पर्नेछ ।

ख)नगरपालिकाले तोकिदिए बमोजिम फोहोरमैलालाई विभिन्न तहमा छुट्याई नीजि क्षेत्र, फर्म, संस्था मार्फत संकलन केन्द्र सम्म पुर्याउने दायित्व नगरपालिकाको हुनेछ ।

ग) प्रत्येक हप्तामा दुई दिन एकदिन कुहिने (जैविक) फोहोर र एकदिन नकुहिने (अजैविक) फोहोर वर्गीकरण गरी समय तालिका मिलाएर फरक-फरक दिन छुट्टा छुट्टै  संकलन गर्ने व्यवस्था नगरपालिकाले मिलाउने छ ।

घ) उक्त संकलित फोहोर ल्याण्डफिल्ड साईटमा जैविक र अजैविक छुट्टा छुट्टै राख्नु पर्ने छ । ल्याण्डफिल्ड साईटको व्यवस्था नगरपालिकाले मिलाउनु पर्ने छ ।

**६. फोहोरमैला निष्काशनः**

क)फोहोरमैला निष्कासनको समय, स्थान र तरिका नगरपालिकाले निर्धारण गरे वमोजिम हुनेछ ।

ख)हानिकारक फोहोरमैला वा रसायनिक फोहोरमैला उत्पादन गर्ने व्यक्ति, फर्म, संस्था तथा निकायले त्यस्तो फोहोरमैला नगरपालिकाले तोकिदिए वमोजिम संकलन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

ग) हानिकारक फोहोरमैला वा मानव जिवनमा गम्भिर असर गर्ने फोहोरमैला नगरपालिकाले तोकेको निश्चित क्षेत्रमा संकलन गर्नु पर्नेछ ।

घ) मरेको जीव जन्तु जो जस्को हो निजले नै सुरक्षित व्यवस्थापन गर्नु पर्ने छ । फोहोर मैलामा मिसाएर राखेमा जरिमाना गरिने छ ।

## ७. संकलन केन्द्र तोक्ने:

क)नगरपालिकाले फोहोरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न सार्वजनिक स्थलमा संकलन केन्द्र तोकी आवश्यक कन्टेनरको व्यवस्था गर्नेछ ।

ख)फोहोरमैला संकलन केन्द्र तोक्दा सकेसम्म टोल, वस्ति सवैमा सवैलाई पायक पर्ने गरि तथा वातावरणीय रुपले उपयुक्त स्थान तोक्नु पर्नेछ ।

## ८. फोहोरमैला ढुवानी:

क)संकलन केन्द्रमा जम्मा भएको फोहोरमैला व्यवस्थापन स्थल सम्म ढुवानी गर्ने दायित्व नगरपालिका वा नगरपालिकाले तोकेको संस्था वा निकायको हुनेछ।

ख)फोहोरमैला ढुवानी गर्दा तोकिए वमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । त्यस्तो साधन तोक्दा तौल, क्षमता, तरिका, सडकको क्षमता तथा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई ध्यनमा राखी तोक्नु पर्नेछ ।

ग) फोहोरमैला ढुवानी गर्दा नगरपालिकाले फोहोरमैलाको पृथकीकरण सहित स्रोतमा छुटयाई निष्कासन तथा संकलन गरिएको फोहोरमैलाको अलग अलग ढुवानी गर्नु पर्नेछ ।

## ९. फोहोरमैलाको न्युनिकरण, पुनः प्रयोग तथा पुनः चक्रः

क)नगरपालिकाले फोहोरमैला न्युनिकरण, पुनः प्रयोग, पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न समन्वयात्मक व्यवस्था मिलाउनेछ र यसको प्रभावकारी कार्यन्वयनको लागी आवश्यक निर्देशिका वनाई लागु गर्न सक्नेछ।

ख)पुनः प्रयोग हुन नसक्ने फोहोरमैलालाई ल्याण्ड फिल्ड साईडमा उचित व्यवस्थापन गरिने छ।

ग) नगरपालिकाले जैविक र अजैविक फोहोर छुटयाउन लगाई ल्याण्ड फिल्ड साईडमा अलग-अलग स्थानमा राखेको पुनः प्रयोग हुन सक्ने फोहोरलाई प्रशोधन गरी विक्रि वितरण गर्न निश्चित शुल्क लिएर नीजि क्षेत्रलाई दिन सक्नेछ ।

## परिच्छेद-३

## फोहोरमैला व्यवस्थापन स्थल सम्बन्धी व्यवस्थाः

### १०. फोहोरमैला व्यवस्थापन स्थलः

क) नगरपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहोरमैलालाई व्यवस्थापन गरी स्थायी रुपमा विसर्जन गर्नका लागि खराङ बजार क्षेत्रको लागि वडा नम्बर -१० खराङमा, चैनपुर बजार क्षेत्रको लागि वडा नम्बर -६ चैनपुरमा र पोखरी बजार क्षेत्रको लागी वडा नम्बर -३ पोखरी क्षेत्रमा विसर्जन गर्ने व्यवस्था मिलाईनेछ ।

ख) ल्याण्ड फिल्ड साईड कम्पाउण्ड तथा अन्य आवश्यक विविध व्यवस्थापन गर्ने कार्य नगरपालिका कार्यालयको हुनेछ ।

ग) नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल क्षेत्रलाई आवश्यक परेमा वातावरणीय संवेदनशील क्षेत्र घोषणा गर्न सक्नेछ ।

घ) नगरपालिकाको फोहोरमैला व्यवस्थापन स्थल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य तोकिएको वातावरणीय मापदण्ड अनुरुप गर्नु पर्नेछ ।

ङ) नगरपालिकाले संवेदनशील क्षेत्रमा पशुपंक्षी, जीवजन्तु तथा मानवको अनधिकृत आवत-जावतलाई रोक लगाउने, माटो, ढुंगा, गिट्टी र बालुवा निकाल्ने कार्यमा रोक लगाउनुको साथै वातावरण संरक्षण र त्यस्तो क्षेत्रको उचित व्यवस्थापनका लागि उचित निर्देशन तथा निर्देशिका जारी गरी लागु गर्न सक्नेछ ।

च) कार्यालयबाट अनुमती नलिई कुनै व्यक्ति, संस्था वा निकायहरुले फोहोरमैला व्यवस्थापन स्थलमा प्रवेश गर्न वा फोहोरमैला बिसर्जन गर्न सक्ने छैन ।

छ) फोहोरमैला व्यवस्थापन स्थलमा विना अनुमति प्रवेश गरेको पाईएमा वा प्रवेश गरेको पुष्टि भएमा प्रथम पटक रू. १०००।— जरिवाना गरिनेछ । साथै अनुमति विना पुनः प्रवेश गरेको पुष्टि भएमा थप ५०००।— जरिवाना गरिनेछ ।

## परिच्छेद-४

## फोहोरमैला व्यवस्थापनमा सार्वजनिक नीजि साझेदारी/ खुल्ला प्रतिस्पर्धा सम्बन्धी व्यवस्थाः

### ११. सार्वजनिक नीजि साझेदारी/ खुल्ला प्रतिस्पर्धा सम्बन्धी व्यवस्थाः

क)नगरपालिकाको फोहोरमैला व्यवस्थापनका लागि नगरपालिकाले सार्वजनिक नीजि साझेदारी वा खुल्ला प्रतिस्पर्धाको अवधारणावाट कार्य गराउन सक्नेछ ।

ख)कार्यालय आफैले वडा तथा नगर मार्फत तोकिएको सेवा शुल्क मासिक रुपमा उठाई कुनै पनि फर्म, कम्पनी वा संस्थालाई तोकिएको अवधि सम्म न्यूनतम कवोल अंकमा फोहोर व्यवस्थापन गर्नको लागि खुल्ला प्रतिस्पर्धाको आधारमा ठेक्का लगाउन सक्ने छ ।

ग) फोहोरमैला व्यवस्थापन गर्न चाहने फर्म, कम्पनी, संस्था वा टोल विकास संस्थाले नगरपालिकावाट प्रकाशित सूचना अनुरुप अनुसूची- १ बवोजिमको शिलबन्दी दरभाउ पत्र रु १०००/-(एक हजार) मा खरिद गरी सो फारम भरी सहिछाँप गरी तोकिएको म्याद भित्र आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

घ) प्रस्ताव दाताले आर्थिक प्रस्ताव पेश गर्दा ९० दिन म्याद भएको कवोल अंकको ३ प्रतिशत रकम चैनपुर नगरपालिकाको धरौटी खातामा नगदै जम्मा गरेको भौचर वा पालिकाको नाममा जारी भएको बैक जमानत पेश गर्नु पर्ने छ ।

ङ) स्वीकृत ठेक्का संझौता गर्दा प्रस्ताव दाताले म्याद भन्दा १२ महिना थप समय भएको कवोल अंकको १० प्रतिशत रकम नगदै वा बैक जमानत पेश गर्नु पर्ने छ ।

च) फोहोर गर्नेले नै सफा गर्नु पर्छ, त्यसको मुल्य तिर्नुपर्छ भन्ने मान्यतामा आधारित भई नगरपालिकाको शुन्य खर्चमा फोहोरमैला व्यवस्थापन हुने सिद्वान्तको आधारमा न्युनतम कवोल अंक शून्य राखिनेछ।

छ)फोहोरमैला व्यवस्थापनको लागि दरभाउपत्र आह्वान गर्दा कम्तिमा ५ देखि १० बर्षको लागि गर्नु पर्दछ । स्वीकृत साझेदार संस्था/ प्रस्तावकको कार्य सन्तोषजनक देखिएमा पुनः सम्झौता थप गर्न सकिनेछ । साथै संझौता वमोजिम काम गर्न प्रस्तावकले नचाहेमा ३ महिना अगाबै न.पा.लाई लिखित जानकारी दिनु पर्नेछ, र संझौता रद्ध गर्नु चाहेमा न.पा.ले पनि प्रस्ताकलाई ३ महिना अगावै लिखित जनाउ दिनु पर्ने छ ।

ज)यसरी नीजि क्षेत्रवाट फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्य गर्दा/गराउदा फोहोरमैला व्यवस्थापन ऐन,२०६८ र नियमावली २०७०, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ र अन्य प्रचलित नेपाल कानून, प्रदेश कानून तथा स्थानीय तहको कानुन वमोजम हुनेछ ।

झ)स्थानीय सामुदायिक संस्था, टोल विकास संस्था, गैरसरकारी तथा नाफा आर्जन गर्ने उदेश्यले स्थापना भएका कम्पनीहरु वा स्थानीय तथा बाह्य संघ-संस्थाहरुलाई फोहोरमैला व्यवस्थापनका लागि नगरपालिका भित्र नीजि क्षेत्रको रुपमा लिन सकिनेछ ।

ञ)विभिन्न क्षेत्रमा फरक फरक नीजि क्षेत्र सञ्चालित भएको अवस्थामा सबैको कार्य प्रति एकरुपता कायम गर्नको लागि सवै साझेदारहरुको संलग्नतामा नगर स्तरीय वातावरण तथा विपद् व्यवस्थापन समिति तथा वातावरण संरक्षण समिति मार्फत सार्वजनिक नीजि साझेदारीका क्रियाकलापहरुलाई व्यवस्थित र नियमित गर्ने व्यवस्था कार्यालयले मिलाउन सक्नेछ ।

ट) माथि उल्लेखित दफा उप दफामा जुनसुकै कुरा उल्लेख गरिएता पनि निजी व्यवसायीहरुले नगरपालिकाले तोकिदिएको शुल्क आफै उठाई फोहरमैला व्यवस्थापन गरी उत्पादित फोहोर प्रशोधन गरि पुनः चक्रिय प्रयोगमा ल्याई व्यवसाय गर्न चाहेमा प्रतिस्पर्धा गराई बार्षिक रुपमा सवै भन्दा बढि रोयल्टी नगरपालिकामा बुझाउन कवोल गर्ने प्रस्तावदालाई फोहरमैला व्यवस्थापनको जिम्मा दिन सकिने छ ।

ठ) तोकिएको शुल्क आफै उठाई निश्कासित बस्तु पुनः प्रशोधन गरी व्यवसाय गर्ने व्यवसायीले प्रस्ताव दर्ता गर्दा ९० दिन म्याद भएको रु २५,०००/- (पच्चीस हजार) को  बैक सुरक्षण जमानत पत्र वा नगदै जम्मा भएको बैंक भौचर संलग्न गर्नु पर्ने छ । साथै स्वीकृत प्रस्ताव दाताले संझौता गर्दा सम्झौता अवधि भन्दा थप एक बर्ष म्याद भएको रु १,००,०००/- (एक लाख) को बैक जमानत वा नगद नगरपालिकाको नाममा राखु पर्ने छ । यस प्रयोजनको लागि अनुसूची- २ अनुसारको टेण्डर फर्म प्रयोजनमा ल्याईने छ ।

## परिच्छेद-५

## जनशक्तिको व्यवस्थापन/परिचालन

१२. सरसफाई कर्मिको व्यवस्थाः

क) नगरपालिकाले सार्वजनिक स्थलको सरसफाई तथा जैविक र अजैविक फोहोरमैला छुट्याउने कार्यको लागि पोखरी वजार क्षेत्रमा दुई जना, चैनपुर बजार क्षेत्रमा ४ जना र खराङ बजार क्षेत्रमा २ जना सरसफाई कर्मीलाई दैनिक ३ घण्टा दैनिक ज्यालादारीमा नियुक्ति गरेर खटाउन सक्ने छ ।

ख) सरसफाई कर्मीको दैनिक ज्याला नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

ग) सरसफाई कर्मीको काम सन्तोषजनक नभएमा कार्यपालिकाको निर्णय बमोजिम जुनसुकै वखत जिम्मेवारी बाट हटाउन सक्नेछ ।

## परिच्छेद-६

## फोहोरमैला व्यवस्थापन सेवा शुल्क सम्बन्धी व्यवस्थाः

**१३. सेवा शुल्क उठाउन सक्नेः**

क)नगरपालिकाले फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित घरधनी, संस्था र निकायवाट मासिक रुपमा रू ५० देखि ३०००/- रुपैया सम्म सेवा शुल्क उठाउन सक्नेछ ।

ख)कार्यालयले नगरबासीहरुलाई अनुसूची- ३ बमोजिमको सरसफाई शुल्क अभिलेख कार्ड उपलब्ध गराउने छ ।

ग) यस नियम वमोजिम निर्धारण गरिएको सरसफाई शुल्क नगरपालिका / वडा कार्यालय आफैले वा तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्नेछ ।

घ) फोहोरमैला व्यवस्थापन गर्न जिम्मेवारी पाएको व्यक्ति, संस्था तथा निकायले नगरपालिका सँग भएको सम्झौता वमोजिम फोहोरमैला व्यवस्थापन गरेवापत सम्बन्धित व्यक्ति, निकाय र संस्था सँग कार्यालयले सेवा शुल्क लिन सक्नेछ ।

ङ) फोहोरमैला व्यवस्थापनवाट प्राप्त हुने आम्दानी नगरपालिकाले छुट्टै कोषमा जम्मा गर्नेछ । उक्त रकम फोहोरमैला व्यवस्थापन लगायतका कामको लागि मात्र खर्च गर्नु पर्नेछ ।

च) निजी क्षेत्रवाट फोहोरमैला व्यवस्थापनको सम्झौता कार्यन्वयन भएमा त्यस्तो निजी क्षेत्रले नगर सभा वा नगर सभावाट प्राप्त अधिकार वमोजिम नगर कार्य पालिकबाट तोकिए वमोजिम शुल्क उठाउन सक्नेछ । त्यस्तो शुल्क वापत प्राप्त हुन आएको आम्दानी विवरण र लागत साझेदारी प्रक्रिया समन्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।

**१४. सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः**

क)नगरपालिकाले तोकेको सेवा शुल्क नबुझाउने सेवाग्राहीको फोहोरमैला सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सकिने छ ।

ख)फोहोरमैला संकलन गर्न जिम्मेवारी पाएको व्यक्ति, फर्म तथा निकायले सेवा शुल्क नबुझाउने सेवाग्राहीहरुको फोहोरमैला व्यवस्थापन सम्बन्धी सेवा निलम्बन वा अन्त्य गर्न सक्नेछ । यसरी सेवा निलम्वन तथा अन्त्य गरेको भए सो को जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

ग) सेवाको निलम्वन वा अन्त्य गरिएको अबस्थामा आफ्नो घर, संस्था वा निकायवाट उत्पादन हुने फोहोरको व्यवस्थापन सम्बन्धित पक्ष आफैले गर्नु पर्नेछ ।

घ) सेवाग्राहीले बुझाउन पर्ने सेवा शुल्क र तोकिएको जरीवाना बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिनेछ ।

## परिच्छेद-७

## प्रदुशण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको अनुगमन सम्बन्धि व्यवस्थाः

**१५. प्रदूषण नियन्त्रणः**

क)नगरपालिकाले आफ्नो क्षेत्र भित्रवाट संकलन भएको फोहोरमैलावाट सो क्षेत्रमा पर्न सक्ने प्रतिकुल वातावरणीय प्रभावलाई सकेसम्म कम गरी प्रदूशण रहित ढंगले व्यवस्थापन गरिनेछ ।

ख)नगरपालिकाले संकलित फोहोरमैलाको निष्कासन तथा व्यवस्थापन गर्दा तोकिएको मापदण्द अनुसार गर्नेछ ।

**१६. फोहोरमैला व्यवस्थापनको अनुगमनः**

क)समितिले फोहोरमैला व्यवस्थापन तथा निष्कासन कार्यको नियमित अनुगमन तथा निरिक्षण गर्नु तथा गराउनेछ ।

ख)अनुगमन गर्दा समितिले आवश्यक कार्य योजना बनाई लागु गर्नेछ ।

ग) अनुगमन समितिले अनुगमन पश्चात प्रतिवेदन निर्माण गरि कार्यालयमा पेश गर्नु पर्नेछ ।

घ) प्राप्त प्रतिवेदनलाई कार्यपालिकामा छलफल गरी तत्काल सुधार गर्नु पर्ने भए सुधार गर्न निर्देशन दिनेछ ।

ङ) समितिले अनुगमन गर्नको लागि आवश्यक उप-समिति बनाउन सक्नेछ ।

**१७. फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक विकास तथा वातावरण संरक्षण सम्बन्धी व्यवस्थाः**

क)नगरपालिकाले फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको आर्थिक, सामाजिक, भौतिक विकास तथा वातावरणीय संरक्षणको गुरुयोजना बनाई सो योजना कार्यन्वयनको लागि बिभिन्न कार्यक्रम बनाई कार्यान्वयन गर्नेछ ।

ख)नगरपालिकाले मुलतः देहायका क्षेत्रमा स्थानीय समुदायको सहभागितामा कार्याक्रम सञ्चालन गर्नेछ ।

जस्तै : सडक, विद्युत, खानेपानी तथा ढल, सरसफाई र वातावरण संरक्षण आदि ।

**१८. फोहोरमैला व्यवस्थापन समिति गठनः**

क)फोहोरमैला व्यवस्थापनका सम्बन्धमा अबलम्बन गर्नु पर्ने नीति निर्धारण र अन्य आवश्यक कार्यहरुका लागि नगरपालिकामा गठन भएको वातावरण तथा विपद् व्यवस्थापन समितिले फोहोरमैला व्यवस्थापन समितिको रुपमा काम गर्नेछ ।

**१९. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।**

क)फोहोरमैला व्यवस्थापन सम्बन्धी आवश्यक नीति तर्जुमा गरी स्विकृतिको लागि कार्यपालिका समक्ष पेश गर्ने,

ख)फोहोरमैला व्यवस्थापन कार्य सँग सम्बद्द निकायहरु सँग आवश्यक समन्वय गर्ने,

ग) फोहोरमैला व्यवस्थापनको लागि नगरपालिकाले शुल्क निर्धारण गर्दा आवश्यक पर्ने मापदण्ड तयार गरी नगर कार्यपालिकामा पेश गर्ने,

घ) फोहोरमैला व्यवस्थापन सम्बन्धी काम गर्ने शाखावाट सम्पादन भएका कार्यहरुको मासिक प्रतिवेदन निरिक्षण गरी आवश्यक निर्देशन दिने,

ङ) फोहोरमैला एकिकृत रुपमा व्यवस्थापन गर्न नगरपालिकाले कुनै लगानि गर्नु पर्ने अवस्थामा त्यस्तो लगानी गर्नु पर्ने रकमको प्रतिशत निर्धारण गर्ने,

च) फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यमा कुनै अवरोध उत्पन्न भएमा सरोकारवाला पक्षहरुसँग छलफल गरी समाधान खोज्ने,

छ)अन्य तोकिए वमोजिमका काम गर्ने ।

२०. समितिको वैठक सम्बन्धी व्यवस्थाः

क)समितिको वैठक महिनाको कम्तिमा एक पटक र आवश्यक परेको खण्डमा जति पटक पनि बस्न सकिनेछ । उक्त समितका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ ।

ख)समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

ग) सम्पुर्ण सदस्य सङ्ख्याको ५०% भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या मानिनेछ ।

घ) बैठकको निर्णय सामान्यतयः सहमतिमा गरिनेछ । सहमतिमा निर्णय हुन नसकेमा बहुमतको आधारमा हुने र मत बरावर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिको मत निर्णयक हुनेछ ।

ङ) समितिले आवश्यक ठानेमा फोहोरमैला व्यवस्थापन सम्बन्धी कुनै विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

च) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

छ)बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्णय गरे वमोजिम हुनेछ ।

## परिच्छेद-८

## दण्ड/जरिवाना

२१. दण्ड/जरिवाना सम्बन्धि व्यवस्थाः

क)नगरपालिकाले तोकेको समय र स्थान बाहेक अन्यत्र फोहोरमैला फ्याक्ने जो कोहिलाई प्रथम पटक ५,०० सम्म, दोस्रो पटक सोहि कसुर गरेमा १,०००/- देखि १०,०००/- सम्म र तेस्रोपटक वा सो भन्दा बढी कसुर गरेमा १५,०००/- जरीवाना गरी फोहोरमैला उठाउदा लाग्ने सम्पुर्ण खर्च समेत निजवाट असुल गर्न सक्नेछ ।

ख) कन्टेनर वा फोहोरमैला संकलन केन्द्रमा राखिएको फोहोरलाई क्षति पुर्याउने, कन्टेनर राखिएको स्थलवाट हटाउने, तोडफोड  लगायतका कार्य गर्नेलाई कार्यालयले ५,००/- देखि १५,०००/- सम्म जरिवाना गर्न सक्नेछ ।

ग) घर, कम्पाउण्ड वा परिसरको फोहोरमैलालाई सडक वा अन्य सार्वजनिक स्थलमा जथाभावी राख्ने, फाल्ने,  फोहोरमैला थुपार्ने ठाउँमा कुनै किसिमले हानिकारिक पदार्थ फाल्ने, राख्ने वा थुपार्नेलाई कार्यालयले ५,०००/- देखि २०,०००/-  सम्म जरीवाना गर्न सक्नेछ ।

घ) फोहोरबाट निश्केको दुषित पानी वा ढल चुहाई अन्य व्यक्तिको घर वा जग्गा वा सार्वजनिक स्थल प्रदुषित गराउनेलाई कार्यालयले १,०००/-  देखि २५,०००/-  सम्म जरिवाना गर्न सक्नेछ ।

ङ) मरेको पशुपंक्षी वा सो को लादी, प्वाँख लगायत नकुहिने फोहोर आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राख्ने, फाल्ने वा थुपार्नेलाई कार्यालयले रु ५,०००/-  देखि १५,०००/-  सम्म जरिवाना गर्न  सक्नेछ ।

च) नगरपालिकाले तोकेको स्थान वाहेक जनसंख्यामा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्नेलाई नगरपालिकाले ३,०००/-  देखि ५०,०००/-  सम्म जरिवाना गराउन सक्नेछ ।

छ) रसायनिक फोहोरमैला, औद्योगिक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला वा हानिकारक फोहोरमैला जथाभावी फाल्ने, राख्ने वा निष्कासन गर्नेलाई कार्यालयले ५०,०००/-  देखि १,००,०००/-  सम्म जरिवाना गर्न सक्नेछ । सोहि कसुर पुनः गरेमा पहिलेको जरिवाना भन्दा दोव्वर र अन्य प्रचलित कानून वमोजिम कारवाही गर्न सक्नेछ ।

ज) फोहोरमैला संकलन, ढुवानी वा फोहोरमैला व्यवस्थापनमा वाधा अवरोध गर्ने जो कोहीलाई प्रचलित कानून वमोजिम सजाय गर्न सकिनेछ ।

झ)स्रोतमानै फोहोरमैला बर्गीकरण नगरी कुहिने र नकुहिने फोहोर एकै ठाउँमा मिसाएर निष्कासन गर्न व्यक्ति, फर्म वा निकायलाई प्रत्येक पटक ५,००/- जरीवाना गर्न सक्नेछ ।

ञ) अन्य सजाय कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

## परिच्छेद-९

## अन्य

२२. अन्यः

क)यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै वमोजिम लागू हुनेछ ।

ख)यस कार्यविधि अनुसार कार्य गर्दा कुनै त्रुटि भएमा वा कुनै निर्णय लिनु पर्ने भएमा कार्यपालिकाले आवश्यक निर्णय लिन सक्नेछ ।

ग) प्रचलित नेपाल कानून वा स्थानीय कानून वा स्थानीय कानूनको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

घ) यस कार्यविधिमा उल्लेख भएका समितिहरु नगर कार्यपालिका र नगर सभा प्रति जवाफदेहि हुनु पर्नेछ ।

ङ) फोहोरमैला व्यवस्थापन सम्बन्धी यस अधि भएका सम्पुर्ण कार्यहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

च) यस कार्यविधिको आवश्यकता अनुसार संसोधन, खारेजी लगायतका सम्पुर्ण कार्यको अधिकार कार्यपालिकामा निहित हुनेछ ।

**अनुसूची- १**

**दरभाउपत्रको नमुना**

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा ।

कोशी प्रदेश, नेपाल

(स-शुल्क फोहोर मैला संकलन तथा व्यवस्थापन गर्ने प्रयोजनको टेण्डर फारम)

आर्थिक बर्ष : ..................

सूचना प्रकाशित मिति : . . . . . . . . . . . . . . . . . .

ठेक्का नम्बर : . . . . . . . . . . . . . . .. . . . . .. . . . ..

दरभाउपत्र दस्तुर रु १०००/- (फिर्ता हुनुने गरी)

दरभाउपत्र फारम (टेण्डर)

| सि.नं. | ठेक्काको विवरण | कवोल अंक | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |

| | | | | |
|---|---|---|---|---|
| | फोहोर मैला संकलन तथा व्यवस्थापन कार्य | | | |
| | | | | |

फर्म/ संस्थाको नाम : . .. . . . . .. . . . . . . . .. . . . . . .. . . . . . . . . .. . .

ठेगाना : . . . . . . . .. . . . . . . .. . . . . . . . . . . . .. . . . . . . . .. . . . .. . . .

दस्तखत : . . . . . . .... . . . . .. . . .

मिति : . . . . . .. . ..  . .. . . . . .. . .

फर्म/ संस्थाको छाँप :

## अनुसूची- २

## दरभाउपत्रको नमुना

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा ।

कोशी प्रदेश, नेपाल

(आफै शुल्क उठाई फोहोर मैला संकलन, व्यवस्थापन तथा पुनः चक्रिय प्रयोग गर्ने व्यवसायी प्रयोजनको टेण्डर फारम)

आर्थिक बर्ष : ...................

सूचना प्रकाशित मिति : . . . . . . . . . . . . . . . . . .

ठेक्का नम्बर : . . . . . . . . . . . . . . . .. . . . . . .. . . . . ..

दरभाउपत्र दस्तुर रु १०००/- (फिर्ता हुनुने गरी)

दरभाउपत्र फारम (टेण्डर)

| सि.नं. | ठेक्काको विवरण | न.पा.मा बुझाउन मञ्जुर भएको बार्षिक रोयल्टी | | कैफियत |
|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | |
| | फोहोर मैला संकलन तथा व्यवस्थापन कार्य गरी पुनः चक्रिय प्रयोग गर्ने | | | |
| | | | | |

फर्म/ संस्थाको नाम : . .. . . . . .. . . . . . . . .. . . . . .. . . . . . . . . .. . . .

ठेगाना : . . . . . . . . .. . . . . . .. . . . . . . . . . .. . . . . . . .. . . . .. . .

.

दस्तखत : . . . . . . .... . . . . .. . . .

मिति : . . . . .. . ..   . .. . . . . .. . .

फर्म/ संस्थाको छाँप :

## अनुसुची — ३

## सरसफाई शुल्क अभिलेख कार्डको नमुना

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा ।

कोशी प्रदेश, नेपाल

सरसफाई शल्क कार्ड अभिलेख कार्ड

ग्राहक नम्बर : . . .. . . . . . . . . .. . . . . .. .

नाम : . . . . . .. . . . . .. . . . . . . . . . .. .. .

ठेगाना : चैनपुर न.पा. वडा नम्बर . . . . .

घर नम्बर . . . . . . . . .. . .. . . . . .. .टोल . . . . . . . .. . . . . . . .. . . .

व्यवसायको प्रकार .. . . . . . . . . . .. . . . . . . .. . . . . . .. . . . . .. .

सम्पर्क नम्बर . . . . . . . . . .. . . . . . . . .. . . . . .. . .. . .

कार्ड जारी मिति . . . . . . . .. . . . . .. . . . . .. . . . .. . ... . .

### मासिक शुल्क अभिलेख

**आ.व. . . . . . . . . . . . . .. .. .**

**मासिक शुल्क रु . . . . . . .. . . . ..**

| महिना | मिति | प्राप्त रकम | बुझिलिनेको सही | कैफियत |
|---|---|---|---|---|
| श्रावण | | | | |
| भाद्र | | | | |
| आश्विन | | | | |
| कात्तिक | | | | |
| मंसिर | | | | |
| पुष | | | | |

| | | | | |
|---|---|---|---|---|
| **माघ** | | | | |
| **फागुन** | | | | |
| **चैत्र** | | | | |
| **बैशाख** | | | | |
| **जेष्ट** | | | | |
| **आषाढ** | | | | |

सेवा तथा शुल्क सम्बन्धी जानकारी

१. कुहने र नकुहने फोहोर छुटयाएर राखिदिनु होला ।

२. यो कार्डको अवधि तोकिए वमोजिम हुने छ ।

३. यो कार्ड हराएमा रु १००/- तिर अर्को लिनु पर्ने छ ।

४. प्रत्येक महिनाको शुल्क सुरु हप्तामा नै बुझाउनु पर्ने छ ।

५. कार्डमा शुल्क बुझाएको रकम जनाउँदा रसिद पनि लिनु पर्ने छ ।

६. आफ्नो घरछिमेक, टोल, सडक, ढल, गल्ली, चोक तथा सार्वजनिक स्थलमा फोहोर गर्ने वा गराउने व्यक्तिलाई सूचना गर्नु हुन अनुरोध छ ।

७. फोहोर संकलन गर्न आउने कर्मचारी प्रति शिष्ट व्यवहार गर्नु होला ।